# समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी

# कृषि यन्त्र (मिनि टिलर) खरिदका लागि सिलबन्दी दरभाउपत्र आह्वान

## Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्राविधिक सहयोगमा सहमतिद्वारा सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व-पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९,सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९) मा कृषकहरुको आयश्रोत बृद्धि गरी जीवनस्तर सुधार ल्याउनका निम्ति जुलाई २०१९ देखि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्वारा पहलगरिएको परियोजनाहरु संचालन भईरहेको छ। स्थानियद्धारा पहल गरिएका परियोजनाहरु मूख्यतय:चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन्।

व्यवसायिक कृषि उत्पादन परियोजना अर्न्तगत सञ्चालित परियोजनाहरुमा कृषि यन्त्र मिनि टिलर खरिद गरि सम्बन्धित पालिकामा रहेका कृषक, समूह तथा सहकारी संस्थाहरुलाई सहयोग गर्ने लक्ष्य रहेकोमा नेपालमा आधिकारीक डिलरसीप तथा सप्लाई गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्न शर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

**शर्तहरु :**

१। नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ।

२। अनुसूची १ मा भएको मिनि टिलरको गुणस्तर, उपयोगिता र टिकाउँ सम्बन्धी विस्तृत विवरण, बिक्रि पछिको सेवा तथा सुविधाहरु खुलाई अनुसूचि २ अनुसारको ढाँचामा प्रति इकाई दररेट पेश गर्नुपर्ने छ।

३। आपूर्तिकर्ताले उल्लेखित मिनि टिलर परियोजना कार्यक्षेत्र सम्म ढुवानी सेवा दिनु को साथै टेस्ट परिक्षण गरि देखाउनु पर्ने छ ।

४। कम्पनी/फर्म/अधिकृत बिक्रेताले तोकिएको समय भित्र भित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

५। बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्रदर्ता गर्न सकिनेछ ।

६। बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

७। आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मन्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८। छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेताले मिति २०७८ चैत ३० भन्दा पहिला परियोजनालाई उपलब्ध गराउनु पर्ने छ तर परियोजनाको आवश्यक हेरी सप्लायर्ससँग वार्षिक सम्झौता गर्न सकिने छ। सम्झौता गर्नु अगावै खरिद गरिने कुल रकमको ५ प्रतिशत बैंक ग्यारेन्टी परियोजनालाई उपलब्ध गराउनु पर्नेछ ।

९। बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुन पर्नेछ।

१०। **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा २ उपलब्ध फारम अनुसार

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

ङ. आधिकारीक डिलर सिप लिएको प्रमाण पत्रको प्रतिलिपि

११. आवश्यक कृषि यन्त्र मिनि टिलर तपसिल रहेको छ

अनुसुची १

| क.स. | विवरण | इकाई | आवश्यक परिमाण | नमूना फोटो |
|---|---|---|---|---|
| १। | मिनि टिलर (७ HP) | वटा | १७ |  |
| २। | मिनि टिलर (९ HP) | वटा | १७ | |

नोट : माथि उल्लेखित मिनी टिलरको संख्या थपघट हुन सक्ने छ। सामाग्रीहरुको क्याट लग वा फोटो उपलब्ध गराउनु पर्ने छ।

१२. बोलपत्र छनौट गर्ने वानगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा "**कृषि यन्त्र मिनी टिलर खरिद**" लेखी मिति २०७८/०९/१२ गते (27 Dec, 2021) बेलुका ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४ नवलपरासी सहमति वा केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ।

अनुसूचि २: कृषि यन्त्र मिनि टिलरको दरभाउ

| क्र.स. | विवरण | आवश्यक परिमाण | ईकाई परिमाण | विशिष्टता, ब्रान्ड, मोडेल नं., अपरेटिङ्ग प्रणाली | प्रति इकाई दर भ्याट सहित (ने.रु) | इकाई दर अक्षरमा (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1. | **मिनि टिलर (mini tiller)**<br>Engine type: **Diesel engine** Single Cylinder 4-stroke Max power : 7 HP<br>Cooling system: Force air-cooled<br>Start method: Manual start, No of gear: 1,2,0-1, Fuel tank capacity : 3.5 liter, Driving type: Gear driven, Tilling width :1050 mm, Tilling depth: >150 mm, No of blade: 32 PCS<br>Tire Size: 4.0-8, Gross weight:125 kg<br>Cerificate: CE, ISO, EPA | १७ वटा | १ वटा | | | | |
| 2. | **मिनि टिलर (mini tiller)**<br>Engine type: **Petrol engine** , 4- stroke, OHV, horizontal single cylinder Max power : 7 HP, Cooling system: Force air-cooled, Start method: Manual start, No of gear: 1,2,0-1, Fuel tank capacity : 3.6 liter, Driving type: Gear driven, Tilling width :750 mm, Tilling depth: >100 mm, No of blade: 24 PCS, Tire Size: 4.0-8, Gross weight:125 kg, Certificate: CE, ISO | १७ वटा | १ वटा | | | | |
| 3. | **मिनि टिलर (mini tiller)**<br>Engine type: **Diesel engine** Single Cylinder 4-stroke Max power : 9 HP | १७ वटा | १ वटा | | | | |

**हस्ताक्षर** ..........................

नाम

पद

मिति

फार्म वा क्मपनीको छाप